# सामुदायिक वनमा पर्यटनः एउटा बलियो सम्भावना

**बालमुकुन्द घिमिरे**

काठमाडौं जिल्लाबाट १४ कि.मि. मात्र टाढा रहेको ललितपुर जिल्लाको गोदावरी क्षेत्र पर्यटकीय क्षेत्रको रुपमा चर्चित रहेको छ । प्रदूषण र कोलाहलबाट थकित भएका काठमाडौं उपत्यकाबासीहरू शनिबार र बिदाका दिनहरूमा यस क्षेत्रमा गएर रमाउँछन् । नौधारा, गोदावरी कुण्ड, दियाले डाँडा र जयभद्रे सामुदायिक वन (सा.व.) हरूले गोदावरी क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उजाड भइसकेका यहाँका वन क्षेत्रलाई पुन हराभरा पार्ने कार्यको सुरुवात २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भए पश्चात् गरिएको हो । यहाँका उपभोक्ताहरूले डेढ दशक भित्रै वन क्षेत्रलाई राम्रो अवस्थामा पु¥याएका मात्रै छैनन्, राम्रै आम्दानी लिन समेत सफल भएका छन् । काठमाडौं उपत्यकाकै नमुनाको रुपमा रहेका यस क्षेत्रका सा.व.हरूले मानिसहरूलाई स्वच्छ वातावरणमा मनोरन्जन प्रदान गरेका त छन् नै, त्योभन्दा बढी महत्वपूर्ण त पानीको अभाव झेलिरहेका उपत्यकावासीलाई खानेपानी आपूर्ति गरी ठूलो राहत पु¥याइरहेका छन् । यस क्षेत्रबाट पानी ओसार्ने ट्याङ्करहरूको दिनहुँको आवागमन तथा गा.वि.स.का हरेक घरधुरीमा जडित धाराहरूमा अविरल उपलब्ध पानीले यो कुरा प्रष्ट पार्छ ।

यस क्षेत्रमा रहेका सा.व.हरू जैविक विविधताको दृष्टिकोणले समेत महत्वपूर्ण क्षेत्र मानिन्छन्, जहाँ विभिन्न जातका दुर्लभ वन्यजन्तु, चरा र पुतलीहरू पाइन्छन् । यस क्षेत्रका प्रायः सबै सा.व.हरूले खाली रहेका स्थानहरूलाई व्यवस्थित गरी पिकनिक स्थलको रुपमा विकास गरेका छन् जसबाट हजारौं रुपैयाँ आय आर्जन गर्नुका साथै यस क्षेत्रलाई देश विदेशमा समेत चर्चित बनाएका छन् । प्रत्येक १२ वर्षमा ठूलो मेला लाग्ने गोदावरी कुण्ड सहितको शिव मन्दिरले गोदावरी कुण्ड सा.व. र नजिकैको दियालेडाँडा सा.व. समेतलाई शोभायमान बनाएको मात्रै नभई धार्मिक पर्यटन समेत प्रवर्द्धन भएको छ । यसै गरी नौधारा सा.व.को फेदीमा रहेको नौधारा भगवतीको मन्दिर तथा जयभद्रे सा.व.को फेदीमा रहेको २५ फिट अग्लो बुद्धको मूर्ति र ओखरनाथ बाबाको गुफा यस क्षेत्रका थप आकर्षण भएका छन् ।

यस क्षेत्रका सबै सा.व.हरूलाई व्यवस्थित गर्ने काममा नौधारा रेन्जपोष्ट स्तरीय सा.व. उपभोक्ता महासङ्घले सहयोग गर्दै आएको छ । यसै गरी यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विभिन्न सङ्घ संस्थाहरूले आ-आफ्नो ढङ्गले सहयोग गरिरहेका छन् । ललितपुर, पुल्चोक निवासी श्याम डंगोलको समन्वयमा गोदावरी कुण्ड र जयभद्रे सा.व. क्षेत्रहरूमा जापानको मौरी विकास केन्द्र नामक संस्थासँग सहयोग लिई हजारौं सङ्ख्यामा वृक्षारोपण गरिएको छ । जापान लगायत विभिन्न राष्ट्रका व्यक्तिहरूद्वारा समय समयमा गरिने वनको भ्रमणले बाह्य पर्यटनको सम्भाव्यतालाई झल्काउने गरेको छ । चरा संरक्षण नेपाल (वि.सि.एन.) नामक संस्थाले यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गराउने उद्देश्यले यहाँका चरा संरक्षण गर्नेतर्फ विशेष पहल गर्दै आएको छ । हाल उक्त संस्थाले यस क्षेत्रका सा.व.हरूमध्ये कुनै एक सा.व.बाट काम थालनी गर्ने भन्ने नीति भए अनुरुप नौधारा सा.व.मा विश्रामस्थल र पिकनिक स्थल निर्माण गनुकासाथै ब्रोसर, पर्चा, होडिङ बोर्ड जस्ता प्रचार सामग्रीहरू उत्पादन तथा वितरण एवम् उपभोक्ताहरू लाई अध्ययन तथा अवलोकन भ्रमणको निम्ति रु ५,९०,०००।- उपलब्ध गराएको छ । त्यस्तै, गोदावरी कुण्ड सा.व.ले विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय गरी विभिन्न प्रकारका जडिबुटीहरूको खेती गर्दै आइरहेको छ ।

वातावरण संरक्षणको अतिरिक्त स्थानीय जनताको जीविकोपार्जनमा प्रत्यक्ष योगदान गरिरहेका जनता स्वयंद्वारा संरक्षित यहाँका वन क्षेत्रलाई सरकारले फुल्चोकी चन्द्रागिरि संरक्षित क्षेत्र घोषणा गर्ने र त्यसले गर्दा जनताको हक अधिकार खोसिने चर्चाले यहाँका उपभोक्ताहरू त्रसित छन् । विगतमा सखाप हुन थालिसकेको वन क्षेत्रलाई स्थानीय जनताहरूले छोटो समयमै यति हराभरा बनाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सफल भएको यो क्षेत्रलाइ 'संरक्षित क्षेत्र' घोषणा गरी जनताको पहुँच हुन नदिनुको औचित्य सरकारले कसरी पो पुष्टी गर्न सक्ला र ?

(लेखः ललितपुर जिल्ला उपभोक्ता महासङ्घमा सदस्यमा आवद्धहुनुहुन्छ ।)